# **बैंङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक**

**प्रस्तावना:** बैंङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, संघीय संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "बैंङ्क तथा वित्तीय संस्था सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **बैंङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २ मा संशोधनः** बैंङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को,–

(१) खण्ड (ख) र (झ) को सट्टा देहायका खण्ड (ख) र (झ) राखिएका छन्:–

"(ख) "अध्यक्ष" भन्नाले सञ्चालक समितिको अध्यक्ष सम्झनु पर्छ ।

(झ) "कार्यकारी प्रमुख" भन्नाले बैंङ्क वा वित्तीय संस्थाको दैनिक कार्य सञ्चालनको जिम्मेवारी पाएको प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ ।"

(२) खण्ड (ब) मा रहेको "सञ्चालकको" भन्ने शब्दको सट्टा "सम्बन्धित व्यक्तिको" भन्ने शब्दहरु राखिएका छन् ।

३. **मूल ऐनको दफा ९ मा संशोधनः** मूल ऐनको दफा ९ को उपदफा (७) पछि देहायको उपदफा (८) थपिएको छः–

"(८) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि "घ" वर्गको वित्तीय संस्थाले उपदफा (१) बमोजिम सर्वसाधारणलाई बिक्री वितरण गर्नको लागि छुट्ट्याएको शेयरलाई शत प्रतिशत मानी उक्त शेयरमध्येबाट बढीमा पचास प्रतिशतसम्म शेयर आफ्ना सदस्यको लागि छुट्ट्याउन सक्नेछ ।"

४. **मूल ऐनको दफा १४ मा संशोधनः** मूल ऐनको दफा १४ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः–

"(३) साधारण सभाले दफा १७ बमोजिमको योग्यता तथा अनुभव भएका व्यक्ति मध्येबाट कम्तिमा एक जना स्वतन्त्र सञ्चालक नियुक्त गर्नेछ ।

तर बैंक वा वित्तीय संस्थाको संस्थापक, सञ्चालक वा शून्य दशमलव एक प्रतिशतभन्दा बढी शेयर लिएको शेयरधनी तथा निजको परिवार स्वतन्त्र सञ्चालक हुन पाउने छैन ।"

५. **मूल ऐनको दफा १५ मा संशोधनः** मूल ऐनको दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छः–

"१५. **सञ्चालकको कार्यकालः** (१) सञ्चालकको कार्यकाल नियमावलीमा उल्लेख भए बमोजिम बढीमा चार वर्षको हुनेछ र निज पुनः एक कार्यकालको लागि नियुक्ति वा मनोनित भई लगातार दुई कार्यकालसम्म मात्र कायम रहन सक्नेछ।

तर लगातार दुई कार्यकाल पूरा गरेको सञ्चालक चार वर्ष पछि पुनः सोही संस्थाको सञ्चालकमा मनोनित वा निर्वाचित हुन बाधा पर्ने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वतन्त्र सञ्चालक एक कार्यकालका लागि मात्र नियुक्त हुन सक्नेछ ।"

६. **मूल ऐनको दफा १६ मा संशोधनः** मूल ऐनको दफा १६ को उपदफा (१) को,–

(१) खण्ड (क) र (ख) को सट्टा देहायका खण्ड (क) र (ख) राखिएका छन्:–

"(क) सम्बन्धित विषयमा स्नातक उपाधि हासिल गरेको र विदेशी वा स्वदेशी बैंङ्क वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका संगठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको अधिकृतस्तरमा कम्तीमा पाँच वर्ष काम गरेको,

(ख) सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको र विदेशी वा स्वदेशी बैंङ्क वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका संगठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको अधिकृतस्तरमा कम्तीमा तीन वर्ष काम गरेको ।"

(२) खण्ड (ग) झिकिएको छ ।

७. **मूल ऐनको दफा १८ मा संशोधनः** मूल ऐनको दफा १८ को उपदफा (१) को,–

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

"(क) पच्चीस वर्ष उमेर पूरा नभएको र पैसठ्ठी वर्ष उमेर नाघेको,"

(२) खण्ड (च) पछि देहायको खण्ड (च१) थपिएको छः–

"(च१) इजाजतपत्र प्राप्त संस्थाहरुबाट निज वा निजको परिवारले लिएको कूल व्यावसायिक ऋृण सम्बन्धित बैंङ्क वा वित्तीय संस्थाको चुक्ता पूँजीको तोकिएको प्रतिशत भन्दा बढी भएको,"

(३) खण्ड (ज) को प्रतिबन्धात्मक वाक्याशमा रहेका "राष्ट्र बैंङ्क वा" भन्ने शब्दहरुको सट्टा "राष्ट्र बैंङ्कले शेयर खरिद गरेको इजाजतपत्र प्राप्त संस्था वा पूर्वाधार विकास बैंङ्क तथा" भन्ने शब्दहरु राखिएका छन् ।

८. **मूल ऐनको दफा २९ मा संशोधनः** मूल ऐनको दफा २९ को,–

(१) उपदफा (१) मा रहेका "संस्थाको व्यवस्थापन गर्न" भन्ने शब्दहरु पछि "राष्ट्र बैंकको सहमतिमा" भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) एउटा बैंङ्क वा वित्तीय संस्थामा दुई कार्यकाल पूरा गरिसकेको कार्यकारी प्रमुख वर्तमान कार्यकाल समाप्त भएपछि स्वतः अवकाश हुनेछ ।"

(३) उपदफा (४) मा रहेको "निजलाई" भन्ने शब्द पछि "राष्ट्र बैंकको सहमतिमा" भन्ने शब्दहरु थपिएका छन् ।

९. **मूल ऐनको दफा ३८ मा संशोधनः** मूल ऐनको दफा ३८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः–

"तर राष्ट्र बैंङ्कले तोकेको मापदण्ड पूरा गरेको "घ" वर्गको वित्तीय संस्था "ख" वर्गको वित्तीय संस्थामा बाहेक अन्य वर्गको वित्तीय संस्थामा परिणत हुन सक्ने छैन ।"

१०. **मूल ऐनको दफा ४९ मा संशोधनः** मूल ऐनको दफा ४९ को उपदफा (१) को खण्ड (त) मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार वा नेपाल सरकारको सहमतिमा प्रदेश सरकार" भन्ने शब्दहरु राखिएका छन् ।

११. **मूल ऐनको दफा ११२ मा संशोधनः** मूल ऐनको दफा ११२ को,–

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (१) बमोजिमको रकम बीस वर्षसम्म लिन वा बुझ्न नआएमा राष्ट्र बैंङ्कले त्यस्तो रकम नेपाल सरकारको भुक्तानी दायित्व कायम गरी नेपाल सरकारले तोकेको कोषमा जम्मा गर्न सम्बन्धित बैंक वा वित्तीय संस्थालाई आदेश दिन सक्नेछ ।"

(२) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) उपदफा (३) बमोजिमको कोषमा जम्मा भएको रकम कसैले प्रमाण सहित दाबी गर्न आएमा बैंङ्क वा वित्तीय संस्थाले त्यस्तो रकम सम्बन्धित निक्षेपकर्तालाई भुक्तानी दिई सोको सोधभर्ना राष्ट्र बैंङ्क मार्फत नेपाल सरकार समक्ष माग गर्नु पर्नेछ ।"

१२. **मूल ऐनको दफा ११६ मा संशोधनः** मूल ऐनको दफा ११६ को उपदफा (१) मा रहेका "प्रचलित सरकारी मुद्दा सम्बन्धी ऐनको अनुसूची–१" भन्ने शब्दहरुको सट्टा "मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची–१" भन्ने शब्दहरु राखिएका छन् ।

१३. **मूल ऐनको दफा १२४ मा संशोधनः** मूल ऐनको दफा १२४ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "लापरबाही वा बदनियतबाट" भन्ने शब्दहरुको सट्टा "लापरबाही वा बदनियतबाट वा आफूलाई प्राप्त अख्तियारीभन्दा बाहिर गई" भन्ने शब्दहरु राखिएका छन् ।

१४. **मूल ऐनको दफा १३२ मा संशोधनः** मूल ऐनको दफा १३२ को उपदफा (२) मा रहेका "नेपाल सरकारबाट" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, अर्थ मन्त्रालयबाट" भन्ने शब्दहरु राखिएका छन् ।

१५. **मूल ऐनको दफा १३३ मा संशोधनः** मूल ऐनको दफा १३३ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः–

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहेको बैंक वा वित्तीय संस्थाले राष्ट्र बैंकको सहमतिमा नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई उपदफा (१) को खण्ड (क) बमोजिमको विनियमावली बनाउन सक्नेछ ।"

# तीन महले

| सि.नं. | दफा/ उप-दफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| १ | २ को खण्ड (ख), (झ) र (ब) मा संशोधन | (ख) "अध्यक्ष" भन्नाले सञ्चालक समितिको अध्यक्ष सम्झनु पर्छ र सो शब्दले कार्यकारी अध्यक्ष समेतलाई जनाउँछ ।<br>(झ) "कार्यकारी प्रमुख" भन्नाले बैंक वा वित्तीय संस्था सञ्चालनको जिम्मेवारी पाएको प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ र सो शब्दले बैंक वा वित्तीय संस्थाको कार्यकारी प्रमुखको रुपमा काम गर्ने कार्यकारी अध्यक्ष र प्रबन्ध सञ्चालक समेतलाई जनाउँछ ।<br>(ब)"परिवार" भन्नाले सञ्चालकको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालनपोषण गर्नु पर्ने दाजु भाउजु, भाइ बुहारी र दिदी बहिनी सम्झनु पर्छ ।<br>तर सो शब्दले अंशवण्डा गरी मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन | (ख) "अध्यक्ष" भन्नाले सञ्चालक समितिको अध्यक्ष सम्झनु पर्छ ।"<br>(झ) "कार्यकारी प्रमुख" भन्नाले बैंङ्क वा वित्तीय संस्थाको दैनिक कार्य सञ्चालनको जिम्मेवारी पाएको प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ ।"<br>(ब)"परिवार" भन्नाले सम्बन्धित व्यक्तिको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालनपोषण गर्नु पर्ने दाजु भाउजु, भाइ बुहारी र दिदी बहिनी सम्झनु पर्छ ।<br>तर सो शब्दले अंशवण्डा गरी मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन । | कार्यकारी अध्यक्ष नरहने व्यवस्था गर्न ।<br>बैंकका सञ्चालक कार्यकारी अध्यक्ष वा प्रबन्ध सञ्चालक हुन नपाउने व्यस्था गरी उक्त व्यवस्थालाई संस्थागत गर्न ।<br><br>हालको परिभाषाले सञ्चालकको परिवारलाई मात्र समेटेकोले सोलाई स्पष्ट र फराकिलो पार्न आवश्यक भएको । |
| २ | ९ मा उपदफा (८) थप | नयाँ व्यवस्था | "(८) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि "घ" वर्गको वित्तीय संस्थाले उपदफा (१) बमोजिम सर्वसाधारणलाई बिक्री वितरण गर्नको लागि छुट्ट्याएको शेयरलाई शत प्रतिशत मानी उक्त शेयर मध्येबाट बढीमा पचास प्रतिशतसम्म शेयर आफ्ना सदस्यको लागि छुट्ट्याउन सक्नेछ ।" | लघुवित्त संस्थाले आफ्ना ऋणी सदस्यको लागि सर्वसाधारण शेयरको ५० प्रतिशतसमम छुट्ट्याउन सक्ने व्यवस्था गरी अपनत्व कायम गराउन । |

| | | | | |
|---|---|---|---|---|
| ३ | १४ को उपदफा (३) मा संशोधन | (३) सञ्चालक समितिले दफा १७ बमोजिमको योग्यता तथा अनुभव भएका व्यक्तिमध्येबाट कम्तीमा एक जना स्वतन्त्र सञ्चालक नियुक्ति गरी सोको जानकारी त्यस्तो नियुक्ति पछि बस्ने पहिलो साधारण सभामा दिनु पर्नेछ ।<br>तर बैंक वा वित्तीय संस्थाको संस्थापक, सञ्चालक वा शून्य दशमलव एक प्रतिशतभन्दा बढी शेयर लिएको शेयरधनी तथा निजको परिवार स्वतन्त्र सञ्चालक हुन पाउने छैन । | (३) साधारण सभाले दफा १७ बमोजिमको योग्यता तथा अनुभव भएका व्यक्तिमध्येबाट कम्तीमा एक जना स्वतन्त्र सञ्चालक नियुक्त गर्नेछ ।<br>तर बैंक वा वित्तीय संस्थाको संस्थापक, सञ्चालक वा शून्य दशमलव एक प्रतिशतभन्दा बढी शेयर लिएको शेयरधनी तथा निजको परिवार स्वतन्त्र सञ्चालक हुन पाउने छैन | कम्पनी ऐनमा भएको व्यवस्था बमोजिम स्वतन्त्र सञ्चालकको नियुक्ति साधारण सभाबाट गर्न उपयुक्त हुने भएकोले । |
| ४ | १५ मा संशोधन | १५. सञ्चालकको पदावधिः (१) सञ्चालकको कार्यकाल नियमावलीमा उल्लेख भए बमोजिम बढीमा चार वर्षको हुनेछ र निज पुनः नियुक्ति तथा मनोनित हुन सक्नेछ ।<br>तर स्वतन्त्र सञ्चालक एक कार्यकालका लागि मात्र नियुक्त हुन सक्नेछ ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि नियुक्त भएको कार्यकारी अध्यक्ष वा प्रबन्ध संचालक लगातार दुई कार्यकालसम्म मात्र रहन सक्नेछ । | "१५. सञ्चालकको कार्यकालः (१) सञ्चालकको कार्यकाल नियमावलीमा उल्लेख भए बमोजिम बढीमा चार वर्षको हुनेछ र निज पुनः एक कार्यकालको लागि नियुक्ति वा मनोनित भई लगातार दुई कार्यकालसम्म मात्र कायम रहन सक्नेछ।<br>तर लगातार दुई कार्यकाल पूरा गरेको सञ्चालक चार वर्ष पछि पुनः सोही संस्थाको सञ्चालकमा मनोनित वा निर्वाचित हुन बाधा पर्ने छैन ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वतन्त्र सञ्चालक एक कार्यकालका लागि मात्र नियुक्त हुन सक्नेछ ।" | संस्थागत सुशासनको दृष्टिकोणले सञ्चालकको कार्यकाल बढीमा लगातार दुई कार्यकालसम्म हुने व्यवस्था गर्न । |

| | | | | |
|---|---|---|---|---|
| ५ | १६ को उपदफा (१) को र (क) (ख) मा संशोधन तथा (ग) झिकिएको | (क) विदेशी वा स्वदेशी बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका संगठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको अधिकृत स्तरमा कम्तीमा पाँच वर्ष काम गरेको, वा<br>(ख) स्नातकोपाधि हासिल गरेको र विदेशी वा स्वदेशी बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका संगठित संस्थाको संचालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको कम्तीमा अधिकृत स्तरमा कम्तीमा तीन वर्ष काम गरेको, वा<br>(ग) तोकिए बमोजिम सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको । | (क) सम्बन्धित विषयमा स्नातक उपाधि हासिल गरेको र विदेशी वा स्वदेशी बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका संगठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको अधिकृत स्तरमा कम्तीमा पाँच वर्ष काम गरेको, वा<br>(ख) सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको र विदेशी वा स्वदेशी बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका संगठित संस्थाको संचालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको कम्तीमा अधिकृत स्तरमा कम्तीमा तीन वर्ष काम गरेको, वा<br>(ग) ...... | बैंक तथा वित्तीय संस्थाको सञ्चालकको शैक्षिक योग्यताको आधारमा कार्य अनुभवको अवधि तोक्नु पर्ने भएकोले । |
| ६ | १८ को उपदफा (१) को खण्ड (क) र (ञ) मा संशोधन र खण्ड (च१) थप | (क) २५ वर्ष उमेर पूरा नभएको<br>(ञ) नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व प्राप्त संगठित संस्था वा राष्ट्र बैंक वा बैंक वा वित्तीय संस्थाको बहालवाला कर्मचारी,<br>तर नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व प्राप्त संस्थाले शेयर खरिद गरेको वा राष्ट्र बैंक वा बैंक वा वित्तीय संस्थाले शेयर खरिद गरेको लघुवित्त संस्था वा पूर्वाधार विकास बैंकमा सञ्चालक मनोनित गर्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन । | (क) पच्चीस वर्ष उमेर पूरा नभएको र पैसठ्ठी वर्ष उमेर नाघेको,"<br>(च१) इजाजतपत्र प्राप्त संस्थाहरुबाट निज वा निजको परिवारले लिएको कूल व्यावसायिक ऋण सम्बन्धित बैंङ्क वा वित्तीय संस्थाको चुक्ता पूँजीको तोकिएको प्रतिशत भन्दा बढी भएको,"<br>(ञ) नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व प्राप्त संगठित संस्था वा राष्ट्र बैंक वा बैंक वा वित्तीय संस्थाको बहालवाला कर्मचारी,<br>तर नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व प्राप्त संस्थाले शेयर खरिद गरेको वा राष्ट्र बैंङ्कले शेयर खरिद गरेको इजाजतपत्र प्राप्त संस्था वा पूर्वाधार विकास बैंङ्क तथा बैंक वा वित्तीय संस्थाले शेयर खरिद गरेको लघुवित्त संस्था वा पूर्वाधार विकास बैंकमा सञ्चालक मनोनित गर्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन । | सञ्चालक हुन पाउने न्यूनतम र अधिकतम उमेर किटान गर्न ।<br>बैंकका सञ्चालक र व्यवसायीबीचको सम्बन्धलाई थप व्यवस्थित बनाउन निश्चीत रकम भन्दा बढी व्यवसायीक ऋण लिएको परिवारको व्यक्ति सञ्चालक तथा कार्यकारी प्रमुख हुन नपाउने गरी अयोग्यता तोक्न । |

| | | | | |
|---|---|---|---|---|
| ७ | २९ को उपदफा (१) (३) र (४) मा संशोधन | (१) सञ्चालक समितिले यस ऐन, प्रबन्धपत्र र नियमावलीको अधीनमा रही बैंक वा वित्तीय संस्थाको व्यवस्थापन गर्न एक कार्यकारी प्रमुखको नियुक्ति गर्नु पर्नेछ ।<br>(३) उपदफा (२) मा लेखिएको व्यवस्था यो ऐन प्रारम्भ भए पछि मात्र लागु हुनेछ ।<br>(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिले कार्यकारी प्रमुखको कार्यसम्पादन सन्तोषजनक नभएमा निजलाई जुनसुकै बखत पदबाट हटाउन सकिनेछ ।<br>तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ । | (१) सञ्चालक समितिले यस ऐन, प्रबन्धपत्र र नियमावलीको अधीनमा रही बैंक वा वित्तीय संस्थाको व्यवस्थापन गर्न राष्ट्र बैंकको सहमतिमा एक कार्यकारी प्रमुखको नियुक्ति गर्नु पर्नेछ ।<br>(३) एउटा बैंक वा वित्तीय संस्थामा दुई कार्यकाल पूरा गरिसकेको कार्यकारी प्रमुख वर्तमान कार्यकाल समाप्त भएपछि स्वतः अवकाश हुनेछ ।<br>(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिले कार्यकारी प्रमुखको कार्यसम्पादन सन्तोषजनक नभएमा निजलाई राष्ट्र बैंकको सहमतिमा जुनसुकै बखत पदबाट हटाउन सकिनेछ ।<br>तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ । | कार्यकारी प्रमुखको नियुक्ति तथा अवकाश दिदाँ राष्ट्र बैंकको सहमति लिनु पर्ने व्यवस्था गर्न ।<br>एउटा बैंक वा वित्तीय संस्थामा दुई कार्यकाल पूरा गरिसकेको कार्यकारी प्रमुखलाई अवकाश दिन दिन । |
| ८ | ३८ को उपदफा (१) को प्रतिवन्धात्मक वाक्यांश मा संशोधन | तर 'घ' वर्गको संस्था माथिल्लो वर्गमा परिणत हुन सक्ने छैन । | "तर राष्ट्र बैङ्कले तोकेको मापदण्ड पूरा गरेको "घ" वर्गको वित्तीय संस्था "ख" वर्गको वित्तीय संस्थामा बाहेक अन्य वर्गको वित्तीय संस्थामा परिणत हुन सक्ने छैन ।" | "घ" बर्गको वित्तीय संस्थालाई "ख" वर्गको वित्तीय संस्थामा परिणत गर्ने व्यवस्था गर्न। |
| ९ | ४९ उपदफा (१) को खण्ड (त) मा संशोधन | (त) नेपाल सरकार वा राष्ट्र बैङ्कले जारी गरेको ऋणपत्र खरिद बिक्री गर्ने वा सकार गर्ने । | (त) नेपाल सरकार वा नेपाल सरकारको सहमतिमा प्रदेश सरकार वा राष्ट्र बैङ्कले जारी गरेको ऋणपत्र खरिद बिक्री गर्ने वा सकार गर्ने । | नेपाल सरकारको सहमतिमा प्रदेश सरकारले ऋणपत्र निष्कासन गर्न कानूनी व्यवस्था भईसकेकोले सो कार्यान्वयन गर्न । |

| | | | | |
|---|---|---|---|---|
| १० | ११२ को उपदफा (३) मा संशोधन र उपदफा (४) थप | (३) उपदफा (१) बमोजिमको रकम बीस वर्षसम्म लिन बुझ्न नआएमा सो रकम राष्ट्र बैंङ्कको बैकिङ्ग विकास कोषमा जम्मा गरी बैकिङ्ग विकासमा प्रयोग गरिनेछ । | " (३) उपदफा (१) बमोजिमको रकम बीस वर्षसम्म लिन बुझ्न नआएमा राष्ट्र बैङ्कले त्यस्तो रकम नेपाल सरकारको भुक्तानी दायित्व कायम गरी नेपाल सरकारले तोकेको कोषमा जम्मा गर्न सम्बन्धित बैंक वा वित्तीय संस्थालाई आदेश दिन सक्नेछ ।"<br><br>(४) उपदफा (३) बमोजिमको कोषमा जम्मा भएको रकम कसैले प्रमाण सहित दावी गर्न आएमा बैंक वा वित्तीय संस्थाले त्यस्तो रकम सम्बन्धित निक्षेपकर्तालाई भुक्तानी दिई सोको सोधभर्ना राष्ट्र बैङ्क मार्फत रकम नेपाल सरकारसमक्ष माग गर्नु पर्नेछ । | रकम बीस वर्षसम्म लिन बुझ्न नआए त्यसको प्रयोग गर्न र निक्षेपकर्ताबाट प्रमाण सहित दावी भए पश्चात फिर्ता दिने सम्बन्धमा कानुनी व्यवस्था गर्न । |
| ११ | ११६ को उपदफा (१) मा संशोधन | (१) दफा १०३ मा उल्लिखित कसुर सम्बन्धी मुद्दा नेपाल सरकार बादी भई दायर गरिनेछ र त्यस्तो मुद्दा प्रचलित सरकारी मुद्दा सम्बन्धी ऐनको अनुसूची-१ मा समावेश भएको मानिनेछ ।" | (१) दफा १०३ मा उल्लिखित कसुर सम्बन्धी मुद्दा नेपाल सरकार बादी भई दायर गरिनेछ र त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।" | प्रचलित सरकारी मुद्दा सम्बन्धी ऐन खारेज भई<br>मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ कार्यान्वयनमा आएकोले । |
| १२ | १२४ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांश मा संशोधन | (२) यस ऐन वा राष्ट्र बैंक ऐन वा सो अन्तर्गत बनेको नियम, विनियम वा दिइएको आदेश वा निर्देशनको पालना गर्ने क्रममा असल नियतले गरेको वा गर्न खोजेको कुनै कुराले हुन आएको वा हुने हानि नोक्सानीको सम्बन्धमा राष्ट्र बैंक, बैंक वा वित्तीय संस्था वा सोको पदाधिकारी विरुद्ध कुनै किसिमको मुद्दा परेमा त्यस्तो मुद्दाको खर्च सम्बन्धित संस्थाले व्यहोर्नेछ ।<br><br>तर द्वेष, <u>लापरवाही वा बदनियतबाट</u> गरिएको कुनै कामको सम्बन्धमा सम्बन्धित व्यक्ति नै जिम्मेवार हुनेछ र त्यस्तो विषयमा परेको मुद्दाको खर्च राष्ट्र बैंक, बैंक वा वित्तीय संस्थाले व्यहोर्ने छैन । | (२) यस ऐन वा राष्ट्र बैंक ऐन वा सो अन्तर्गत बनेको नियम, विनियम वा दिइएको आदेश वा निर्देशनको पालना गर्ने क्रममा असल नियतले गरेको वा गर्न खोजेको कुनै कुराले हुन आएको वा हुने हानि नोक्सानीको सम्बन्धमा राष्ट्र बैंक, बैंक वा वित्तीय संस्था वा सोको पदाधिकारी विरुद्ध कुनै किसिमको मुद्दा परेमा त्यस्तो मुद्दाको खर्च सम्बन्धित संस्थाले व्यहोर्नेछ ।<br><br>तर द्वेष, <u>लापरवाही, वा बदनियत वा आफूलाई प्राप्त अख्तियारीभन्दा बाहिर गई</u> गरिएको कुनै कामको सम्बन्धमा सम्बन्धित व्यक्ति नै जिम्मेवार हुनेछ र त्यस्तो विषयमा परेको मुद्दाको खर्च राष्ट्र बैंक, बैंक वा वित्तीय संस्थाले व्यहोर्ने छैन । | आफूलाई प्राप्त अख्तियारी बाहिर गई गरिएको कुनै कामको सम्बन्धमा सम्बन्धित व्यक्ति नै जिम्मेवार हुने व्यवस्था गर्न । |

| | | | | |
|---|---|---|---|---|
| १३ | १३२ को उपदफा (२) मा संशोधन | (२) उपदफा (१) बमोजिम राष्ट्र बैंकले बनाएको नियम नेपाल सरकारबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ । | (२) उपदफा (१) बमोजिम राष्ट्र बैंकले बनाएको नियम नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ । | नियम स्वीकृत गर्ने अधिकार नेपाल सरकार, अर्थ मन्त्रालयलाई दिन । |
| १४ | १३३ मा उपदफा (१क) थप | नयाँ व्यवस्था | “ (१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहेका बैंक वा वित्तीय संस्थाले राष्ट्र बैंकको सहमतिमा नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई उपदफा (१) को खण्ड (क) बमोजिमको विनियमावली बनाउन सक्नेछ । ” | नेपाल सरकारको अधिकांश स्वामित्वमा रहेका बैंकको कर्मचारी नियमावली राष्ट्र बैंकको सहमतिमा नेपाल सरकार, अर्थ मन्त्रालयले स्वीकृति दिने व्यवस्था गर्न । |